केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०२/०६९/७०

मिति: २०६९/०६/१६

## सूचना

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस बैंकको संचालक समितिले नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ मा देहाय बमोजिम संशोधन गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) उक्त विनियमावलीको विनियम ६. को उपविनियम (३) पछि देहाय बमोजिमको उपविनियम (४) थप गरिएको छः-

(४) बैंकिङ्ग कसूरमा संलग्न कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बैंकिङ्ग तथा वित्तीय प्रणाली र निक्षेपकर्ताको हक हितमा नकारात्मक असर पार्ने कार्य गरी उत्पन्न विशेष अवस्थामा त्यस्ता व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बैंकले कालोसूचीमा राख्न र त्यस्तो सूचीबाट हटाउन सीधै केन्द्रलाई लेखी पठाउन सक्नेछ । यसरी लेखी आएमा केन्द्रले सोही बमोजिम कालोसूचीमा राख्नु वा त्यस्तो सूचीबाट हटाउनु पर्नेछ ।

(ख) उक्त विनियमावलीको विनियम ४. को खण्ड (घ) र विनियम ६. को उपविनियम (१) र (३) मा उल्लेखित "बैंकिङ्ग अपराध" भन्ने शब्दहरुको सट्टा "बैंकिङ्ग कसूर" भन्ने शब्दहरु राखी संशोधन गरिएको छ ।

..................
(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक